# शहिदनगर नगरपालिका

## स्थानीय राजपत्र

खण्ड ६    संख्या ३    मितिः २०८०/०६/१६

भाग-२

शहिदनगर नगरपालिका

## शहिदनगर नगरपालिकामा करार सेवामा कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धि (पहिलो संशोधन) कार्यविधि, २०८०

प्रमाणिकरण मितिः२०८०/०६/१६

शहीदनगर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
यदुकुहा , धनुषा

**शहीदनगर नगरपालिकामा करार सेवामा कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धि (पहिलो संशोधन) कार्यबिधि २०८०**

शहीदनगर नगरपालिकाले उपलब्ध गराउने सेवा प्रवाह र विकाश निर्माणको कार्यलाई व्यवस्थित र प्रभावकारी बनाउन शहीदनगर नगरपालिकाले स्वीकृत गरेको कर्मचारी दरबन्दीको अधिनमा रही प्राविधिक कर्मचारीको रिक्त पदमा करार

ढाँचाका अधारमा सेवा करारमा लिने कार्यलाई व्यवस्थित गर्नका लागि शहीदनगर नगरपालिका नगर कार्यपालिकाको मिति २०७६/०३/०५ गते को बैठक बाट स्वीकृत भई जारी भए पश्चात यस कार्यविधि २०७६ लाई संशोधन गर्न वान्छनिय देखी यो शहीदनगर नगरपालिकामा करार सेवामा कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धि (पहिलो संशोधन) कार्यविधि २०८० जारी गरिएको छ ।

शहीदनगर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
यदुकुहा, धनुषा
मधेश प्रदेश, नेपाल

## परिच्छेद १

*प्रारम्भिक*

**१.संक्षिप्त नाम र प्रारम्भ :** (१) यस कार्यबिधिको नाम शहीदनगर नगरपालिकामा करार सेवामा कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धि (पहिलो संशोधन) कार्यबिधि_२०८० रहेको छ ।

(२) यो कार्यबिधि कार्यपालिका बाट स्वीकृत भएको मिति देखि लागु हुने छ ।

२. **परिभाषा :**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा :-

(क) ऐन भन्नाले स्थानिय सरकार संचालन ऐन २०७४ सम्झनु पर्छ ।

(ख) नगरपालिका भन्नाले शहीदनगर नगरपालिका सम्झनु पर्छ ।

(ग) छनौट परिक्षा भन्नाले पदपुर्ति समितिले दफा ७ बमोजिम संचालन गरेको परिक्षा सम्झनुपर्छ ।

(घ)पदपुर्ति समिति भन्नाले दफा ३ बमोजिम गठन भएको समिति सम्झनुपर्छ ।

## परिच्छेद २

## दरबन्दी र पदपुर्ति सम्बन्धि व्यवस्था

३. **पदपुर्ति समिति गठन :** शहीदनगर नगरपालिकामा करार सेवामा कर्मचारी छनौट तथा पदपुर्तिको लागि देहाय बमोजिमको पदपुर्ति समिति गठन गरिने छ ।

(क) शहीदनगर नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत - अध्यक्ष

(ख) नगरपालिकाको प्र.प्र.अ.ले तोकेको विषय विज्ञ - सदस्य

(ग) शहीदनगर नगरपालिकाको प्रशासन शाखा प्रमुख - सदस्य सचिव

४. **आवश्य न्युनतम योग्यता र कार्यानुभव :** करार सेवामा पदपुर्तिको लागि देहाय बमोजिमको योग्यता पुगेको नेपाली नागरी उम्मेदवार हुन सक्नेछन ।

(क) ऐन को दफा ८३ (८) मा उल्लेख भएका पदहरुका लागि न्युनतम शैक्षिक योग्यता र अनुभव

(ख) नगर प्रहरीको हकमा नगर प्रहरी सम्बन्धिको कार्यविधि बमोजिम हुने छ ।

(ग) ऐनको दफा ८३(८) बाहेकको पदका लागि संघिय लोकसेवा आयोगले तोकेको शैक्षिक योगेयता र अनुभव हुनुपर्ने छ ।

५. **दरखास्त आह्वान :**

(१) शहीदनगर नगरपालिकामा रिक्त रहेको करार सेवा पदको दरबन्दीमा करारमा पदपुर्ति गर्नको लागि स्थानिय तहले १५ दिनको अवधि दिई राष्ट्रिय स्तरको दैनिक पत्रिकामा करार सेवाको अनुसुचि १ बमोजिम सुचना प्रकाशन गर्ने छ ।

(२) उपदफा (१) बमोजिम प्रकाशित सुचना अनुसार उम्मेदवारलाई यस शहीदनगर नगरपालिकाले अनुसुचि २ बमोजिमको दरखास्त फारम उपलब्ध गराउदा लोक सेवा आयोगले निर्धारण गरेको मापदण्ड अनुसारको दरखास्त दस्तुर लिई दरखास्त फारम र राजस्व तिरेको रसिद उपलब्ध गराउनु पर्ने छ ।

केशव कुमार अधिकारी
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

(३) उपदफा (२) बमोजिम उपलब्ध गराईएको दरखास्त फारम सहित उम्मेदवारले सुचनामा तोकिए बमोजिमका न्युनतम शैक्षिक योग्यता र अनुभव लगायतका कागजात / प्रमाणपत्रका प्रतिलिपि स्वयंले प्रमाणित गरी दरखास्त फारम साथ पेश गर्नुपर्ने छ ।

(४)उपदफा (३) बमोजिम रित पुर्वक प्राप्त हुन आएको आवेदन फारममा आवश्यक जाँचबुझ गरी योग्यता पुगेका उम्मेदवारको दरखास्त फारम स्वीकृत गरी अनुसुचि ३ बमोजिमको प्रवेश पत्र उम्मेदवारलाई उपलब्ध गराउनुपर्ने छ ।

**६. छनौट परिक्षा :**

(१) ऐनको दफा ८३(८) बमोजिमका पदहरुका लागि अन्तरवार्ता बाट ५० पुर्णाङ्क ( मनोविज्ञान बाट १० पुर्णाङ्क ,आचरन बाट १० पुर्णाङ्क ,प्रशासनिक ज्ञान बाट १० पुर्णाङ्क , सम्बन्धित सेवा सम्बन्धि ज्ञान बाट १० पुर्णाङ्क र प्रस्तुति बाट १० पुर्णङ्क ) गरी जम्मा ५० पुर्णङ्कको परिक्षा लिइने छ । साथै नगर प्रहरीको नियुक्ति यस नगरपालिबाट जारी भएको नगर प्रहरी भर्ना कार्यविधि हुनेछ ।

(२) ऐनको दफा ८३(८) बाहेकका पदहरुका हकमा ५० पुर्णाङ्कको लिखित परिक्षा र ५० पुर्णाकको अन्तरवार्ता गरी कुल १०० पुर्णाङ्कको परिक्षा लिइने छ ।

(३) यस शहीदनगर नगरपालिकाको दरबन्दी तेरिज यस नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत गरी नगरसभा बाट अनुमोदन गरे बमोजिम हुनेछ ।

(४) उम्मेदवारले परिक्षामा सहभागि हुन आउदा प्रवेश पत्र साथमा लिइ आउनु पर्ने छ ।

**७. अन्तिम योग्यताक्रमको सुचि प्रकाशन गर्ने :**

(१) दफा (६) बमोजिम छनौट परिक्षामा सहभागि उम्मेदवारले प्राप्त गरेको अंकको अधारमा पदपुर्ति समितिले उतिर्ण उम्मेदवारहरुको योग्यताक्रमको सुचि कायम गरी प्रकाशन गर्नुपर्ने छ ।

(२) उपदफा (१) बमोजिमको योग्यताक्रमको सुचिमा रहेका उम्मेदवारले बराबर अंक प्राप्त गरेको अवस्थामा न्युनतम शैक्षिक योग्यताको लब्धाङ्क पत्रमा उल्लेखित लब्धाङ्क प्रतिशतलाई अधारमानि अन्तिम योग्यताक्रम निर्धारण गर्नुपर्ने छ ।

(३) उपदफा (२) को अधारमा योग्यताक्रम निर्धारण गर्दा लब्धाङ्क प्रतिशत समेत बराबर रहेको अवस्थामा क्रमश : अनुभवको अवधि ,माथिल्लो तहको शैक्षिक योग्यता ,माथिलो तहको शैक्षिक योग्यतामा प्राप्त गरेको अंक प्रतिशत र उमेरको ज्येष्ठतालाइ अधार मानि योग्यताक्रम निर्धारण गर्नुपर्ने छ ।

(४) उपदफा (१),(२),र (३) बमोजिम कायम हुने अन्तिम योग्यताक्रमको सुचि वाट सबै भन्दा बढी अंक प्राप्त गर्ने उम्मेदवारलाई छनौट गरी सोको सुचना प्रकाशन गर्नुपर्ने छ ।

(५) उपदफा (४) बमोजिको अन्तिम योग्यताक्रमको सुचि वाट सबै भन्दा बढी अंक प्राप्त गर्ने उम्मेदवार छनौट गरिसकेपछि बाँकी रहेका सबै उम्मेदवारहरु वैकल्पिक सुचिमा रहने छन ।

**८. करार सम्झौता गरी काम काज गर्न खटाउनुपर्ने :**

(१) दफा ७ बमोजिम अन्तिम योग्यताक्रमको सुचि बाट छनौट भएको उम्मेदवारलाई यस पालिकाले सेवा ,शर्त र सुविधा समेत खुलाई अनुसुचि ७ बमोजिम करार सम्झौता गरी अनुसुचि ४ बमोजिमको सेवा करार पत्र शहीत कामकाजमा खटाउनुपर्ने छ ।

केशव कुमार अधिकारी
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

(२) उपदफा (१) बमोजिक खटाईएको कर्मचारीको नाम, मोबाईल नम्बर र ईमेल ठेगाणा सहीतको विवरण अध्यावधिक गरेर राख्नुपर्ने छ ।

९. वैकल्पिक उम्मेदवारलाई खटाउने : (१) दफा ७ बमोजिम छनौट भएको उम्मेदवारहरुलाई अन्तिम नतिजा प्रकाशन भएको मितिले सात दिन भित्र करार समझौता गर्न आउनको लागि लिखित सुचना दिनुपर्ने छ । यसरी सुचना दिदा तोकिएको समयावधि भित्र करार सम्झौता गर्न नआएमा निजको सट्टामा वैकल्पिक सुचिको योग्यता क्रमको पहिलो नम्बरमा रहेको उम्मेदवार संग करार सम्झौता गरी कामकाज गर्न खटाउनुपर्ने छ ।

(२) उपदफा (१) बमोजिम सेवा करार गरी कामकाज गर्न खटाईएको कर्मचारी करार सम्झौता भएको मितिले सात दिन भित्र तोकिएको कार्यास्थलमा हाजिर भई सक्नुपर्नेछ ।

(३) उपदफा (२) बमोजिम तोकिएको अवधिभित्र कार्यस्थलमा हाजिर नहुने वा करार सम्झौता बमोजिमको पुरा अवधि काम नगरी सुरु करार सम्झौता बमोजिम काम नगरेमा रिक्त भएमा वैकल्पिक सुचिमा रहेका उम्मेदवारको योग्यताक्रममा रहेका उम्मेदवारलाई सेवा करार सम्झौता गरी कामकाज गर्न खटाउन सकिने छ ।

## परिच्छेद ३

## कार्य जिम्मेवारी सम्बन्धि व्यवस्था

**१०. सेवा करारमा भर्ना भएका कर्मचारीहरुको कार्यविवरण तथा जिम्मेवारी** : (१) सेवा करारमा भर्ना भएका कर्मचारीहरुले नगरपालिका , प्रमुख प्रशासकीय अधिकृत तथा सम्बन्धित कार्यालय प्रमुखको प्रत्यक्ष निर्देशनमा रहेर काम गर्नुपर्ने छ ।

(२) आफ्ना काम कारवाहीको बारेमा नियमित रुपमा नगरपालिकाको कार्यालयमा प्रतिवेदन पेश गर्नुपर्ने ।

**११. करार अवधि** : यस कार्यविधि बमोजिम भर्ना भएका कर्मचारीहरुको करार अविध ६ महिनाको हुनेछ र निजको कार्यसम्पान मुल्याङ्कन संतोषजनक रहेमा करार अवधि बढीमा ६ बर्षमा नबढने गरी नविकरण गर्न सकिने छ ।

**१२. तलब भत्ता** : (१) प्रचलिन ऐन तथा निज कर्माचरी संग भएको सम्झौता अनुसार हुने छ ।

**१३. बिदा** : (१) यस कार्यविधि बमोजिम सेवा करारमा भर्ना भएका कर्मचारीहरुले देहाय बमोजिमका बिदाहरु पाउने छन ।

(क) घर विदा : रुजु हाजिरको अधारमा २६ दिन काम गरे वापत १ दिन ।

(ख) विरामी विदा : रुजु हाजिरको अधारमा छब्बिस दिन काम गरे वापत १ दिन ।

(ग) प्रसुति विदा : महिला कर्मचारीलाई सुत्केरी हुनुभन्दा अघि र पछि गरेर जम्मा अन्ठानब्बे दिन प्रसुति विदा र पुरुष कर्मचारीको हकमा जम्मा १५ दिन प्रसुति स्यहार विदा प्रदान गरिनेछ ।

(घ) किरिया विदा : आफ्नो रित र परम्परा अनुसार बढीमा १५ दिन ।

(२) उपदफा (१) बमोजिमका बिदाहरु संचित गरे वापत कुनै सुविधा पाईने छैन ।

(३) प्रसुति विदा तथा प्रसुति स्यहार बिदा पाउन कम्तिमा ६ महिना सेवा गरेको हुनुपर्ने छ ।

(४) एक आर्थिक बर्षको विदा सोही आर्थिक वर्ष भित्रमा उपभोग गरिसक्नु पर्नेछ ।

(५) यसमा उल्लेख नभएको विदाको हकमा प्रचलित ऐन तथा कानुन बमोजिम हुनेछ ।

केशव कुमार अधिकारी
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

. बिदाको स्वीकृति :

दफा १३ बमोजिमका विदाहरुको स्वीकृति सम्बन्धित कार्यालय प्रमुखको सिफारीसमा प्रमुख प्रशासकीय अधिकृत ले गर्ने छ।

१५. अनुसुचि संशोधन : यस कार्यविधिको अनुसुचि नगरपालिकाले आवश्यकतानुसार संशोधन गर्न सकिनेछ

१६.बाधा अडकाउ फुकाउ : यस कार्यविधिमा उल्लेखित विषयवस्तुका सम्बन्धमा कुनै दिविधा भएमा वा कार्यान्नव्यनमा बाधा अडकाउ परेमा प्रचलिन ऐन तथा कानुन बमोजिम बाधा अडकाउ फुकाउने निर्णय गर्न सक्नेछ।

अनुसूची -१

शहीदनगर नगरपालिकाको कार्यालय

यदुकुहा ,धनुषा

मधेश प्रदेश , नेपाल

करारमा सेवा लिने सम्बन्धी सूचना

/ / २०७ : सुचना प्रकाशित मिति) )

शहीदनगर नगरपालिकाको लागी मा रहने (विषयगत शाखा).............................गरी रमा राख्नु पर्ने को रुपमा देहायको संख्या र योग्यता भएको प्राविधिक कर्मचारी करा (पद).........................................................) १५भएकाले योग्यता पुगेका नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले पन्ध्रः२दिन भित्र दिनको (०० बजेसम्म राजस्व तिरेको रसिद सहित दरखास्त दिन हुन सम्वन्धित सवैको लागि यो सूचना प्रकाशन गरिएको छ । यसको फाराम, दरखास्त दस्तुर, कार्य–विवरण, पारिश्रमिक, सेवाका शर्तहरु सहितको विस्तृत विवरण कार्यालयबाट वा वेवसाइट www. .................. बाट उपलब्ध हुनेछ ।

| पद नाम | संख्या |
|---|---|
| | |
| | |

२. शैक्षिक योग्यता र अनुभव (नमुना):

१नेपाली नागरिक । .

२विश्वविद्यालयवाट न्यता प्राप्तजस्तैः नेपाल सरकारवाट मा) न्यूनतम योग्यता . मा स्नातक )BE( कुनै सम्बद्ध विषयमा विषयमा ( स्नातकोत्तर गरेको ।

३ अनुभवको हकमा .BE उतीर्ण गरी सम्बद्ध कार्यमा कम्तीमा ३ वर्षको कार्य अनुभव भएको ।

४ .१८ वर्ष उमेर पुरा भई ४५ वर्ष ननाघेको हुनुपर्ने ।

५. नेपाल इन्जिनियरिङ्ग काउन्सिलमा दर्ता भएको । (प्रमाणपत्र)

६अन्य प्रचलित कानुनद्वारा अयोग्य नभएको । .

३दरखास्तमा संलग्न गर्नुपर्नेः . उम्मेदवारको व्यक्तिगत विवरण, शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपि, नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, अनुभवको प्रमाणित प्रतिलिपि तथा प्रचलित नेपाल कानून बमोजिम विभिन्न काउन्सिल वा परिषद् वा अन्यमा दर्ता भएको प्रमाणित प्रतिलिपि संलग्न हुनुपर्नेछ । पेश गरिने सबै प्रतिलिपिको पछाडी उम्मेदवार स्वयंले हस्ताक्षर गरी प्रमाणित गर्ने ।

केशव कुमार अधिकारी
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

अनुसूची -२

शहीदनगर नगरपालिकाको कार्यालय

यदुकुहा ,धनुषा

मधेश प्रदेश , नेपाल

(शहीदनगर नगरपालिका नगर कार्यपालिकाको कार्यालय यदुकुहा, धनुषा मधेश प्रदेश, नेपाल)

| हालसालै खिचेको पासपोर्ट साईजको पुरै मुखाकृति देखिने फोटो यहाँ टास्ने र फोटो र फाराममा पर्ने गरी उम्मेदवारले दस्तखत |
|---|

## करारको लागि दरखास्त फाराम

वैयक्तिक विवरण (क)

| | | | | |
|---|---|---|---|---|
| | नाम थर | (देवनागरीमा) | | |
| | | (अंग्रेजी ठूलो अक्षरमा) | | लिङ्ग: |
| | नागरिकता नं: | | जारी गर्ने जिल्ला : | मिति : |
| स्थायी ठेगाना | कजिल्ला ( | ख.स.वि.गा/.पा.न ( | | ग (वडा नं |
| | घ: टोल ( | ङ: .घर नं/मार्ग ( | | च.फो नं ( |
| पत्राचार गर्ने ठेगाना : | | | | ईमेल |
| बाबुको नाम, थर : | | | जन्म मिति (ईस्वि संवतमा) | (मा.सं.वि) : |
| बाजेको नाम, थर : | | | हालको उमेर वर्ष | महिना : |

ाम मात्र उल्लेख गर्न/दरखास्त फाराम भरेको पदको लागि चाहिने आवश्यक न्यूनतम शैक्षिक योग्यता) तालिम/शैक्षिक योग्यता (ख) (ठ

| आवश्यक न्यूनतम योग्यता | विश्वविद्यालयतालिम दिने संस्था/बोर्ड/ | शैक्षिक उपाधि तालिम/ | संकाय | श्रेणीप्रतिशत/ | मूल विषय |
|---|---|---|---|---|---|
| शैक्षिक योग्यता | | | | | |
| | | | | | |
| तालिम | | | | | |

ुभव सम्बन्धी विवरण (ग)

| कार्यालय | पद | सेवाउपसमूह/समूह/ | श्रेणीतह/ | स्थायीकरार/अस्थायी/ | अवधि | |
|---|---|---|---|---|---|---|
| | | | | | देखि | सम्म |
| | | | | | | |
| | | | | | | |

यस दरखास्तमा खुलाएका सम्पूर्ण विवरणहरु सत्य छन् । दरखास्त बुझाएको पदको सूचनाको लागि अयोग्य ठहरिने गरी कुनै सजाय पाएको छैन । कुनै कुरा ढाँटे वा लुकाएको ठहरिए लित कानून बमोजिम सहनेछुस्त फारामका पृष्ठहरुमा उल्लेखित सबै शर्त तथा नियमहरु पालना गर्न मन्जुर गर्दछु बुझाउनेछु । उम्मेदवारले पालना गर्ने भनी प्रचलित कानून तथा यस दरख ाथै करारमा उल्लेखित शर्तहरु पूर्ण रुपमा पालना गर्नेछु र करारको समयभन्दा अगावै करारको अन्त्य गर्दा कम्तिमा ३ महिनाको पूर्व सूचना दिई कार्यालयमा निवेदन दिनेछु ।

| उम्मेदवारको ल्याप्चे सहीछाप | | उम्मेदवारको दस्तखत |
|---|---|---|
| दायाँ | बायाँ | |
| | | |
| | | मिति: |
| कार्यालयले भर्ने: | | |
| रसिद: .भौचर नं/ | रोल नं: . | |
| दरखास्त अस्वीकृत भए सो को कारण : | | |
| दरखास्त रुजु गर्नेको नाम र दस्तखत:<br>मिति : | दरखास्त स्वीकृतअस्वीकृत गर्नेको /<br>दस्तखत<br>मिति : | |

य साथ सूचनामा उल्लेखित लगायत निम्नलिखित कागजातहरु अनिवार्य रुपमा उम्मेदवार आफैले दरखास्त : प्रमाणित गरी पेश गर्नु पर्नेछ

ो नागरिकताको (१/प्रमाणपत्रको प्रतिलिपि, (२समकक्षता र सम्बद्ध आवश्यक पर्नेमा सो को प्रतिलिपि (, (३चारित्रिक प्रमाणपत्रको प्रतिलिपि न्यूनतम शैक्षिक योग्यताको प्रमाणपत्र र (, प्राविधिक कार्य इन्जिनियरिङ्ग

। तथा पशु चिकित्सा लगायतका अन्य क्षेत्रका लागि आवश्यक पर (६ने व्यवसायिक प्रमाणपत्र को प्रतिलिपि(लाईसेन्स), तालिम र अनुभव आवश्यक पर्नेमा सो समेतको प्रतिलिपि, आदि ।

केशव कुमार अधिकारी
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

अनुसूची -३

शहीदनगर नगरपालिकाको कार्यालय

यदुकुहा ,धनुषा

मधेश प्रदेश , नेपाल

**प्रवेश पत्र**

शहीदनगर नगरपालिका नगर कार्यपालिकाको कार्यालय यदुकुहा, धनुषा मधेश प्रदेश, नेपाल

परिक्षार्थिले भर्ने :

| हालसालै खिचेको पासपोर्ट साईजको पुरै मुखाकृति देखिने फोटो यहाँ टास्ने र फोटो र फाराममा पर्ने गरी उम्मेदवारले दस्तखत |
|---|

(क) नाम ,थर :

(ख) पद :

(ग) तह :

(घ)परिक्षा केन्द्र :

(ङ) उम्मेदवारको दस्तखत नमुना :

नगरपालिकाको कार्यालयले भर्ने :

यस शहीदनगर नगरपालिका बाट लिइने उक्त पदको परिक्षामा तपाईलाइ समिलित हुन अनुमति दिइएको छ । विज्ञापनमा तोकिएको शर्त नपुगेको ठकर भएमा जुसुकै अवस्थमा पनि अनुमति रद्द हुनेछ ।

............................................ ............................................

(कर्मचारीको दस्तखत ) (कार्यालयको छाप )

०८०/०६/१५

आज्ञाले,

नामः केशब कुमार अधिकारी

प्रमुख प्रशासकीय अधिकृत

केशव कुमार अधिकारी
प्रमुख प्रशासकीय अधिकृत

| शहिदनगर नगरपालिकाद्धारा प्रकाशित मूल्य रु १०।- |
|---|